# मधेशी आयोग

## ज्वागल, ललितपुर

पत्र संख्या: २०८१/८२
चलानी नं. :

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर

मिति-२०८१।०५।०६

# प्रेस-विज्ञप्ति

## कमला पुल शिघ्रातिशिघ्र निर्माणार्थ अपील

हुलाकी सडक अन्तर्गत धनुषा र सिराहा जिल्लाको बीचमा रहेको कमला पुलको निर्माण २०७८ सालमा भएता पनि सो पुल उदघाटन हुनुभन्दा पूर्व नै भासिएको कुरा सर्वविदित्तै छ । सो पुल निर्माणार्थ मधेशी आयोगले वार्षिक प्रतिवेदनमा तथा बीचबीचमा समेत सिफारिस गर्दै आएको छ । सोही क्रममा आ.ब. २०७८।७९ को चौथौ वार्षिक प्रतिवेदनको पाना नं. १४ तथा सिफारिस नं. ३६ कमला पुल पुनर्निमाण र आ.ब. २०८०।८१ को छैठौं वार्षिक प्रतिवेदनको पाना नं. २४ अन्तर्गत क्र.सं. ३२ मा हुलाकी राजमार्गको निर्माणमा द्रुतिकरणलाई सिफारिस गरेको छ । यो मार्ग पूर्व झापाको कचनकवल देखी पश्चिम कन्चनपुरको गड्डाचौकी सम्म रहेको यो मार्ग राणाशासनकाल, पञ्चायतकाल, प्रजातन्त्रकाल, लोकतन्त्रकाल र गणतन्त्रकालको प्रत्यक्ष साक्षी रहेको छ । तर, यो पुल अपुर्ण र अपुरो कै अवस्थामा रहेको छ ।

सिराहा, ससरी र धनुषाको बीस लाख भन्दा बढी जनताको जीवनरेखा नै रहेको कमला पुलको निर्माण र सम्पन्न गर्न अति आवश्यक देखिएको छ । यसै क्रममा विगत केही दिन देखि नागरिक समाजका अगुवाहरुद्वारा मधेश प्रदेशको प्रादेशिक राजधानी जनकपुरधामको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडी अनसनरत रहेका छन् । नेपाल सरकारका संघीय सरकार र प्रदेश सरकारले यथासिघ्र तदारुकताका साथ पुल निर्माण गरी जनजीवनलाई वहुआयामिक सहजता प्रदान गरिदिनुहुन आयोग हार्दिक अपील गर्दछ ।

(नरेश राज खरेल)
सचिव

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८